






PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com





❖ वर्ष ३४ ❖ २०७८ असार १६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 30 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०२


## बजेट अभावमा सुक्खा बन्दरगाहको मुआवजा रोकियो

राधेश्याम पटेल, वीरगंज, १५ असार/

वीरगंज–२५ श्रीसियास्थित सुक्खा बन्दरगाह र एकीकृत भन्सार जाँच चौकीबीचको ६२ बिघा जग्गाको मुआवजा वितरण एक महीनादेखि रोकिएको छ। जेठको पहिलो साता पहिलो चरणमा आएको डेढ अर्ब रुपियाँ सकिएपछि मुआवजा रोकिएको पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले जानकारी गराए । मुआवजा वितरणको लागि चाहिने आवश्यक बजेट नहुँदा मुआवजा रोकिएको र थप रकम माग भएकोले बजेट आएपछि पुनः मुआवजा वितरण हुने उनले स्पष्ट पारे ।



श्रीसिया सुक्खा बन्दरगाह परिसर । तस्वीरः प्रतीक

असार १३ गतेसम्म मुआवजाका लागि ३०७ जनाको निवेदन परेको छ। जसमध्ये १६९ कित्ताको लागि ५२ जनाले १८ बिघा जग्गाको मुआवजा प्राप्त गरिसकेको सुक्खा बन्दरगाह भन्सारका सूचना अधिकारी चुडामणि शर्मा कट्टेलले बताए। उनका अनुसार पहिलो चरणमा आएको मुआवजा रकममा करीब १ करोड बजेट अपुग भएको र थप बजेट माग भएको उनले बताए । ३०७ वटा निवेदनमध्ये खेतको मात्र अहिले मुआवजा वितरण भइरहेको छ।

६२ बिघामध्ये अब खेत र घडेरी गरी करीब ४४ बिघाको मुआवजा वितरण गर्न करीब रु ५ अर्ब आवश्यक देखिएको छ।

करीब ६ वर्षदेखि मुआवजा वितरण प्रक्रिया प्रारम्भ भएको थियो । एक वर्षअघि तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी दुर्गादत्त पौडेलको संयोजकत्वमा गठन भएको मूल्याङ्कन उपसमितिले जग्गाको प्रकृति अनुसार प्रतिकट्ठा ४३ लाखदेखि ६७ लाख रुपैयाँको दरमा मुआवजा वितरण गर्न मूल्य तोकेको थियो। गत २०७७ असार ८ मा मुआवजा वितरणको लागि सुक्खा बन्दरगाह भन्सारले सूचना निकालेपछि करीब एक महीना मुआवजा रकम अपुग भएको भन्दै जग्गाधनीहरूले आन्दोलन गरेका थिए । पछि गाउँलेहरूले मुआवजाको लागि निवेदन दिन थालेपछि मुआवजा वितरण शुरू भएको थियो। सुक्खा बन्दरगाह भन्सारमा जग्गाधनीले नागरिकता, लालपुर्जा र मालपोत तिरेको रसिद राखेर फाइलसहितको निवेदन दिएपछि मालपोतमा फाइल पठाएर, मोठ भिडाएर सुक्खा बन्दरगाह भन्सारको नाममा पुर्जा बनाएपछि मुआवजाको लागि जिल्ला प्रशासन कार्यालय पर्सालाई पत्र लेख्दै सिफारिश गरेपछि जिप्रकाले जग्गाधनीको खातामा अनलाइन रकम पठाउँछ, सुक्खा बन्दरगाह भन्सारका प्राविधिक अधिकृत केवल चौधरीले बताए।

## पर्सामा धान रोपेर दिवस मनाइयो

प्रस, वीरगंज, १५ असार/

पर्सा जिल्लामा १८औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव–२०७८ विभिन्न पालिकामा कार्यक्रमको आयोजना गरी मनाइएको छ।



तस्वीरः प्रतीक

कृषि ज्ञान केन्द्र, पर्साको आयोजनामा बहुदरमाई नगरपालिका–५ विश्रामपुरमा धान रोपेर दिवस मनाइएको छ । सो अवसरमा ज्ञान केन्द्रका बालीविज्ञ सुरेश चौरसियाले पर्सा जिल्लामा असार १५ गतेसम्म ३० प्रतिशत धान रोपाइँ सम्पन्न भएको बताए। उनले गत वर्ष ४६ हजार ६ सय हेक्टरमा धानखेती भएकोले यस वर्ष २५ प्रतिशतले धान उत्पादन बढ्ने दाबी गरे ।

यसैगरी, पर्सागढी नगरपालिकामा उपप्रमुख अर्चना चौधरीले धान रोपेर दिवस मनाइन् भने वीरगंज महानगरपालिकाको कृषि तथा पशुपक्षी व्यवसाय प्रवर्द्धन शाखाको आयोजनामा वडा नं ३१ कोनियामा धान दिवस मनाइएको छ। सो अवसरमा कोनियामा जात्रा निकालेर दिवस मनाइयो।

'धान उत्पादनमा वृद्धि : खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि' नाराका साथ नगरप्रमुख विजयकुमार सरावगीले धान रोपेर कार्यक्रमको शुभारम्भ गरेका थिए। सो अवसरमा उनले कृषकहरूको समस्यालाई महानगरपालिकाले गम्भीरतापूर्वक लिंदै आएको बताए । उनले सो वडालाई चैते धान पकेट क्षेत्रको रूपमा घोषणा गरी कार्यक्रम सञ्चालन भइरहेको जानकारी गराए।

वडाध्यक्ष चुमनदास चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा आर्थिक विकास महाशाखाका प्रमुख रामदयाल यादव, सरसफाइ शाखाका सर्फुद्दीन मियाँ, प्रशासन शाखाका विकासकुमार मिश्र, लेखा अधिकृत रूपनारायण राउत, आइटी अफिसर सतीश चौधरीलगायतको सहभागिता रहेको कृषि तथा पशुपक्षी व्यवसाय प्रवर्द्धन शाखाकी प्रमुख उर्मिला श्रेष्ठले बताइन्।

सखुवाप्रसौनीमा पनि धान दिवस मनाइएको छ । गापा अध्यक्ष प्रदीप जैसवालको अध्यक्षतामा महुवनमा दिवसको अवसरमा धान रोपाइँ गरिएको थियो।

## पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठानको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, १५ असार/

पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठानको साधारणसभा सम्पन्न भएको छ । प्रतीक दैनिकको कार्यालयमा मङ्गलवार सम्पन्न सभाले नयाँ कार्यसमितिको चयन गरेको सचिव केसी लामिछानेले बताए।



साधारणसभामा सहभागीहरू । तस्वीरः प्रतीक

उनले जेठ १५ गते बसेको बैठकले असार १५ गते साधारणसभा गर्ने निर्णय गरे अनुरूप आज प्रतिष्ठानका अध्यक्ष जगदीशप्रसाद शर्माको अध्यक्षतामा साधारणसभा सम्पन्न भएको बताए । साधारणसभाले शर्माकै अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। नवगठित कार्यसमितिको उपाध्यक्ष चन्द्रकिशोर झा, सचिव हिमाल शर्मा, कोषाध्यक्ष शत्रुघ्न नेपाल र सदस्यहरू अनन्तकुमार लाल दास, महेशचन्द्र गौतम, केसी लामिछाने, प्रताप श्रेष्ठ, विकाश शर्मा, श्याम बन्जारा, अनुप तिवारी रहेका छन्।

## ४० किलो गाँजासहित दुईजना पक्राउ

प्रस, पंचगावाँ, १५ असार/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको टोलीले ४० किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको छ। सोमवार राति ११ बजे मकवानपुरको लोथर–मनहरीबाट जङ्गलको बाटो हुँदै गाँजा तस्करी भइरहेको सूचनाको आधारमा प्रहरी गस्ती खटाइएको र सो टोलीले ४० किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको इप्रका पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामकाजी थापाले बताए।

पर्साको राष्ट्रिय निकुञ्ज भएर आएका गाँजा तस्करलाई पटेर्वासुगौली गापा–२ गादीस्थित स्वास्थ्य चौकीनजीकबाट पक्राउ गरिएको प्रनि थापाले बताए । पक्राउ पर्नेमा मकवानपुरको राक्सीराङ गापा–५ बस्ने २९ वर्षीय वीरबहादुर प्रजा र १९ वर्षीय सोनालाल प्रजा छन् । पक्राउ परेका दुवैजना र गाँजालाई आवश्यक कारबाईको लागि जिप्रका पर्सा पठाइएको प्रनि थापाले बताए ।

## बालिका र युवतीद्वारा आत्महत्या

प्रस, पोखरिया, १५ असार/

कालिकामाई गाउँपालिका–३ हरिहरपुर बिर्तामा सोमवार एकजना बालिका र मङ्गलवार एकजना युवतीले आत्महत्या गरेका छन्।

सोमवार दिउँसो २:३० बजे १० वर्षीया पुष्पा कुमारीले घरमा पासो लगाएर आत्महत्या गरेकी थिइन् भने मङ्गलवार बिहान २२ वर्षीया पूजा देवीले पङ्खामा पासो लगाएर आत्महत्या गरेकी हुन् । दुई दिनमा बालिका र युवतीले पासो लगाएर आत्महत्या गरेपछि सो टोलमा त्रास फैलिएको छ । प्रहरीले आत्महत्याबारे अनुसन्धान भइरहेको र शल्यपरीक्षणपछि यथार्थ कुरा बाहिरिने बताएको छ । प्रहरीले घरपरिवार र आफन्तसँग आत्महत्याबारे अनुसन्धान भइरहेको जानकारी गराएको छ।

## चटयाङ लागेर तीनजनाको मृत्यु

प्रस, पंचगावाँ, १५ असार/

चटयाङ लागेर पर्सा जिल्लामा तीनजनाको मृत्यु भएको छ। मङ्गलवार बिहान चटयाङ लागेर पटेर्वासुगौली गाउँपालिका–४ देउरवाना बस्ने ५५ वर्षीय रघुवीर यादव, वडा नं १ गदियानी बस्ने २७ वर्षीय रोशनलाल गद्दी, जीराभवानी गापा–३ बस्ने असतुर्नीदेवी थरुनीको मृत्यु भएको इप्रका पटेर्वासुगौलीका प्रनि रामकाजी थापाले बताए।

चटयाङ लागेर पटेर्वासुगौली गापा–१ का राजबली गद्दी घाइते भएका छन्। उनको उपचार नारायणी अस्पतालमा भइरहेको छ।

## पाँच वर्षमा पुल नबन्दा जोखिमपूर्ण यात्रा

प्रस, वीरगंज, १५ असार/

पर्साको ग्रामीण क्षेत्रलाई सदरमुकाम वीरगंजसँग जोड्ने तिलावे पुलको निर्माण काम पाँच वर्ष बित्न लाग्दा पनि पूरा हुन सकेको छैन। पर्साको समग्र विकाससँग जोडिएको यस पुल ठेकेदारको बदमाशीका कारण काम पूरा नभएको हो।

पुलको निर्माण नहुँदा वीरगंज–पोखरिया तथा वीरगंज–सबैठवा सडकखण्ड भएर आउजाउ गर्ने सर्वसाधारणले सास्तीका साथै जोखिमपूर्ण यात्रा गर्नुपरेको छ। पुरानो जीर्ण पुलको चौडाइ साँघुरो भएकोले एक लेनको छ। बिहान र बेलुका उक्त पुल भएर आवतजावत गर्ने सवारीसाधन तथा यात्रुको सङ्ख्या अत्यधिक हुन्छ। यसले गर्दा बिहान र बेलुका घण्टौं ट्राफिक जाम हुने गरेको छ । "वीरगंज पुग्न बिहान ८ देखि ११ बजेसम्म निकै जाम लाग्छ, यो सधैंको पीडा हो, एक लेनको पुल भएकोले घण्टौंसम्म सवारीसाधनले कुर्नुपर्छ, कतिजना अस्पतालमा जाने बिरामी पनि जाममा फसेर सास्ती खेप्छन्," पर्सा धोबिनी–२ आसवारीका सुरेश पटेलले भने, "नेताहरूले अरू केही नगरे पनि पुलको काम जतिसक्दो चाँडो सम्पन्न गर्न दबाब दिनुपर्छ।"

करीब रु ७ करोडको लागतमा निर्माणाधीन उक्त पुलको काम दुई वर्षमैं पूरा गर्नेगरी पप्पु/लुम्बिनी जेभीले सम्झौता गरेको थियो । बितेको पाँच वर्षमा तीन वर्ष पप्पु र पछिको दुई वर्ष लुम्बिनी बिल्डर्सले कामै नगरी बिताए। ठेकेदारले पुल निर्माण काममा विलम्ब गर्दा यस वर्षको बर्खामा पनि पर्साको ग्रामीण क्षेत्रका जनता जोखिम मोल्न बाध्य छ । बर्खाले पुलको दक्षिणपट्टि निर्माण गरिएको डाइभर्सन बगाएपछि अहिले पुरानो जीर्ण पुलबाट सबै प्रकारका सवारीसाधन ओहोरदोहोर गरिरहेका छन्। प्राविधिकका अनुसार पुल जीर्ण भएर बेलाबेलामा हल्लिने गरेकोले बढी भार थेग्न नसक्ने अवस्थामा पुगेको छ।



निषेधाज्ञा खुकुलो भएपछि वीरगंजबाट ग्रामीण क्षेत्रमा फर्किंदै गर्दा तिलावे पुलमा लागेको जाम । तस्वीरः फाइल

पुलको दुई स्पानमध्ये पाँच वर्षमा एक स्पानको मात्र काम भएको छ । हुलाकी राजमार्ग आयोजनाभित्र पर्ने उक्त पुलको काम करीब ६५ प्रतिशत मात्र सम्पन्न भएको जनाइएको छ। २० महीना अगाडि लुम्बिनी बिल्डर्स र हुलाकी राजमार्ग आयोजनाबीच पुलको बाँकी काम अघि बढाउने दुईपक्षीय सम्झौता भएको थियो । पुल निर्माणका लागि २०७३ असारमा पप्पु/लुम्बिनी जेभीले ठेक्का पाएको हो। पछिल्लो करीब चार महीनादेखि पुल निर्माणको काम रोकिएको छ। यसै असारसम्म पुल निर्माण गरिसक्नुपर्ने म्याद रहेकोमा कोरोना महामारीले काम रोकिएको लुम्बिनी बिल्डर्सका कार्यकारी निर्देशक विष्णु शर्माको भनाइ छ। अब लकडाउन खुलेपछि मात्रै काम अघि बढ्ने उनले बताए। कोरोना महामारीमा श्रमिक र निर्माण सामग्री उपलब्ध हुन नसक्दा पुल निर्माणको काम अघि बढाउन नसकेको उनले बताए ।

## विचारसार र सूक्तिहरू

**मानिसको दिमागमा दुईवटा घोडा दौडिरहन्छ । एउटा सकारात्मक अर्को नकारात्मक । जसलाई बढी दाना दिइन्छ, उसैले दौड जित्दछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# क्षय हुँदैछ धान-संस्कृति

**असार १५ को परम्परागत महत्त्व छ । यो दिन किसानले खेतमा धानको बिरूवा रोप्दछ । यसपालि समयमा पानी परेकोले प्राय: खेत तयार छ । यही असार १५ गतेलाई नेपाल सरकारले पछि 'धान दिवस' घोषणा गऱ्यो । धान नेपाल मात्र होइन, दक्षिण एशियाली मुलुकहरूको प्रमुख अन्नबाली हो । संसारको आधाभन्दा बढी जनसङ्ख्याले धानबाट तयार भएका विभिन्न परिकारबाट पोषण प्राप्त गर्दछ । प्रकृतिले भूगोलका विभिन्न ठाउँलाई त्यहाँको जलवायु अनुसार विभिन्न खाद्यान्न बाली प्रदान गरेको छ । खाद्यान्नमा विश्वभरि धान, गहुँ र मकैको कुनै दाँजो छैन । विश्व भूगोलमा पायक पर्नेगरी यी तीन बालीको प्रमुखताका साथ उत्पादन हुन्छ । त्यसमा धानको छुट्टै विशेषता छ । धानका विभिन्न प्रजाति हुन्छन् । तीमध्ये केही पानीमैं फल्छन्, केही सुक्खा मौसममा पनि फल्छन् र धेरैजसो हाम्रोजस्तो जलवायु भएको ठाउँमा फल्छन् । यस्तो विशेषता गहुँ र मकैमा पाइन्न । गहुँ र मकै धेरै पानी भयो भने सप्रिंदैन । ती निर्धारित मौसमबाहेक फल्दैनन् पनि । धान बाऱ्है महीना फल्छ । वर्षको तीन बाली लिन सकिन्छ । यसको पराल, भुस आदि अन्य काममा प्रयोग गर्न सकिन्छ ।**

**हुनत धानले यो पहिचान पाउनुअघि निकै अपहेलना पनि बेहोर्नुपऱ्यो । विश्वविजेता युरोपेलीहरूले लामो समयसम्म धानको अपहेलना गरे । नेपालमैं बढी भात खाने मानिसलाई 'भाते' को संज्ञा दिइन्छ । भात बढी खाए भने निद्रा लाग्छ, आलस्य हुन्छ, किनकि धानमा बढी मात्रामा कार्बोहाइड्रेड पाइन्छ । तर यसका विशेषता एउटा यो दुर्गुणको तुलनामा धेरै छ । यो गरीब र मेहनत गर्ने वर्गको उच्च प्राथमिकतामा पर्दछ । हाम्रोजस्तो गर्मी हुने मुलुकमा भात खाएर घाममा काम गर्दा तिर्खा लाग्दैन । पेटलाई ठन्डा राख्छ । धान पहेंलो, रातो, कालो, सेतो विभिन्न रङ्ग, स्वाद, सुगन्धका हुन्छन् । आज अज्ञानताले मानिसले रासायनिक मल र विषादी प्रयोग गर्न थालेपछि धानबालीको धेरै परोक्ष फाइदा लोप हुन गएको छ । हिजो-अस्ति धान रोपेको खेतमा पानी लाग्न थालेपछि पर्याप्त मात्रामा जङ्गली माछाहरू पाइन्थ्यो । गङ्गटो, भ्यागुतोजस्ता पर्यावरणीय सन्तुलन जोगाउने प्राणीहरू हुन्थे । जसले बालीमा लाग्ने शत्रुजीवको अन्डा खाएर धानबालीलाई रोगमुक्त राख्न सहयोग पुऱ्याउँथे । अर्थात् धानले सहउत्पादन पनि दिन्थ्यो । धानखेती गर्न धेरै मानिस लाग्ने हुँदा यसले मानिसलाई रोजगार पनि दिन्छ ।**

**धानका यिनै विशेषताहरूले गर्दा नेपालमा परापूर्वकालदेखि असार १५ को विशेष महत्त्व छ । पहिले यस दिन किसान परिवार खेतमा पुगेर रमाइलो गर्ने, रोपाईं र बीउ उखेल्ने मजदूरहरूसँग हिलो छ्यापाछ्याप गर्ने, दही-चिउरा खाने गर्दा खेत नै मेलास्थल बन्न पुग्दथ्यो । अब ती दिनको स्मृतिशेष मात्र छ । यता सरकारले असार १५ गते धान दिवस मनाउन थालेपछि औपचारिकताका लागि हाकिमहुक्काम खेतमा पुग्ने, रोपाईं गर्ने, दही-चिउरा खाने त गर्दछन् तर त्यो आयोजन प्राविधिक बढी र आत्मीय थोरै हुन्छ । आज युग पनि परिवर्तन भइसकेको छ । हिजोजस्तो परिवार कृषिमा निर्भर छैन । सबै परिवारका मानिस छुट्टाछुट्टै रोजगार, नोकरीमा लागेका छन् । अब त गाउँमा खेतमा काम गर्ने युवा नै विदेशिन थालेका छन् । वास्तविक किसान अब गाउँ बस्दैन । खेतजति हुन्डा र बटैया लगाएपछि असार १५ को महात्म्य नै ओरालो लागेको छ । धान रोप्ने खेत प्लटिङ गरेर सिध्याईंदै छ । धानको संस्कृतिको यसरी क्षय हुँदैछ ।**

# किन हुँदैन विकास ?

अमेरिकाको हार्वड विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापकद्वय स्टेभन लेबिट्स्की र डेनियल जिब्लाटका बहुचर्चित पुस्तक 'हाउ डेमोक्रेसिज डाइ'मा २१औं शताब्दीमा लोकतन्त्र कसरी सैनिक शासन वा हिंसात्मक गतिविधिबाट नभई लोकतान्त्रिक विधिबाट निर्वाचित जनप्रतिनिधिबाट भइरहेको लेखिएको छ । टाढाको कुरा छाडेर हाम्रो आफ्नै देश र छिमेकलाई हेरेर यसको वास्तविकता बुझ्न सकिन्छ । विश्वकै सबैभन्दा ठूलो प्रजातन्त्र भारतमा समेत जनताको स्वतन्त्रता कटौती हुँदै गएको चर्चा चलिरहँदा, पाकिस्तान र त्यसभन्दा पनि अगाडि बढेर म्यान्मा एवं स्वयम् नेपालको स्थितिको सम्बन्धमा भारतबाट नोट गरिएको वा नजीकबाट नियालिरहेको भन्दा बाहेकको प्रतिक्रिया नआउनु र म्यान्माको सम्बन्धमा त झन् भारतलगायत नेपालसमेतले कुनै प्रतिक्रिया नदिनु आगामी दु:खद दिनको सङ्केत हो । भारत र नेपाल दुवैमा गणतन्त्र छ र दुवै देशको शासन निर्वाचित जनप्रतिनिधिको हातमा छ ।

लोकतन्त्र संस्थागत हुन देशको आर्थिक स्थिति राम्रो हुनुपर्दछ । तर हाम्रो आर्थिक स्थिति राम्रो छैन । २०४६ सालमा प्रजातन्त्र बहालीपश्चात् २०४९ देखि नै नेपालमा राजनीतिक अस्थिरताको खेल शुरू भयो । त्यसपछि २०५२ सालदेखि जनयुद्धको नाममा माओवादी आन्दोलन चलेर २०५८ मा फेरि राजा ज्ञानेन्द्रको 'कू' भयो र त्यसपछाडि २०६२/६३ को मधेस आन्दोलनपछि गठन भएको पहिलो संविधानसभा संविधान नै नदिई अवसान भएपछि दोस्रो संविधानसभाले संविधान त दियो तर त्यो संविधान केही दलका सीमित नेताहरूको सहभागितामा तयार भयो र संविधानसभाका सदस्यहरूले त्यसमा छलफल त के निहित अन्तर्वस्तुको भेउसमेत पाएनन् र जनताबाट लिइएको सुझावसमेतको बेवास्ता गरी निर्माण गरिएकाले विश्वकै राम्रो र दक्षिण एशियाकै उत्कृष्ट संविधानले आजको दिन देख्नु परेको छ । संविधान जारी भएको चार वर्षमा दुई तिहाइको सरकार बनाउन सफल माओवादी र एमाले मिलेर बनेको नेकपा खारेजीमा परी पुन: एमाले र माओवादी केन्द्र बन्न पुगेको छ । प्रधानमन्त्री बन्ने मल्लयुद्ध ६ महीनामैं दुईपटक देख्नुपऱ्यो, जसमा एकपटक सर्वोच्चको हस्तक्षेप पनि काम लागेन भने दोस्रोपटकको हेर्न बाँकी नै छ । तीस वर्षको यो सत्ता हासिल गर्ने दौडमा प्रदेश सरकारको गठन भएपनि राजनीतिक शक्ति केन्द्रमैं सीमित रहेकाले देशमा आर्थिक विकास हुन नसकेको हो ।

प्रजातन्त्र बहालीपछि आजसम्म कहिले विकास बजेट पूरै खर्च हुन सकेन । औसत खर्च ३५.४० प्रतिशत मात्र रहृयो र सरकारले लाज छोप्न असारे विकासको नाममा जथाभावी खर्च गरेर ५८.६० प्रतिशतसम्म पुऱ्याउने गरेको छ । विकास योजनाहरू समयमा कार्यान्वयन हुन नसकेर पूर्णता पाउन नसकेको अवस्थामा देशमा सामाजिक, आर्थिक रूपान्तरण हुने सम्भावना नै छैन । यो तथ्य हाम्रा शासकहरूले बुझेको भएपनि कुर्सीको हानथापबाट फुर्सत नभएकाले यसतर्फ ध्यान दिन नसकेको स्पष्ट छ ।

लोकतन्त्र संस्थागत नहुनुमा हाम्रो सामाजिक संरचना पनि जिम्मेवार छ । स्वस्थ सामाजिक संरचनामा योग्यताको सामानरूपले कदर गर्नुपर्ने हुन्छ । तर नेपाल गणतन्त्र भएपनि सामन्ती सोचबाट मुक्त हुन सकेको छैन । यसको ज्वलन्त उदाहरण निर्वाचनमा टिकट वितरण गर्दा प्रत्यक्षका साथै समानुपातिकतर्फ समेत परिवारवादलाई नै प्राथमिकता दिएको कारण सत्ता सीमित व्यक्तिहरूकै हातमा केन्द्रित भई समाजका शिक्षित र सचेत वर्ग निर्णय प्रक्रियामा पुग्न नसकेकोले नेपालको कानून बनाउने थलो संसद्बाट समेत जनइच्छा अनुसार सरकार सञ्चालन हुन सकिरहेको छैन । यो भाइभतिजावाद र आफन्तवादका कारण संसद् पनि प्रभावकारी भूमिकामा देखिएको छैन । संसद् बजेट, मनसुन र शरद सत्रमा मात्र चल्ने भएकोले प्रजातन्त्रमा 'सानो संसद्'को परिकल्पना गरी १२ महीना नै चल्ने संसदीय समितिहरूले सरकारका कामकारबाईको निगरानी राख्ने गर्दछन् । तर नेपालको सानो संसद् पनि संसद्जस्तै प्रभावहीन छ । किनभने उनीहरूको निर्णय पनि सरकार निर्देशित हुने गरेको छ र नेपालकै सन्दर्भमा केही निर्णयको मूल्याङ्कन गर्ने हो भने वास्तविकतासँग सम्बन्ध नराख्ने खालका छन् । सरकार र संसद्बाहेक नागरिक समाज, पेशागत सङ्घसंस्था तथा विभिन्न दबाब समूहले पनि लोकतन्त्रलाई संस्थागत गर्न मदत पुऱ्याइरहेका हुन्छन् । तर हाम्रो विडम्बना के छ भने स्वतन्त्र हुनुपर्ने यस्ता संरचनाहरूसमेत राजनीतिक दलको भ्रातृ सङ्गठनको रूपमा विकसित भएका छन् । त्यसैले उनीहरू पनि राजनीतिक जोडघटाउमैं व्यस्त रहने गरेका छन् ।

संसद्बाहेक राज्यशक्तिको दोस्रो अङ्ग हो, कार्यपालिका । भनिन्छ, लोकतन्त्र संस्थागत गर्न कार्यपालिका संसद्प्रति उत्तरदायी हुनुपर्छ । हाम्रो संविधानले पनि यही भन्छ । तर वास्तवमा के भइरहेको छ हाम्रोअगाडि । कार्यपालिकाले अधिकार नै नभएको अधिकार प्रयोग गरी संसद् दुईपटक विघटन गऱ्यो । महामहिम राष्ट्रपतिले सार्वभौमसत्ता सम्पन्न जनप्रतिनिधिलाई भेट्न समयसम्म दिनुभएन र बहुमत परीक्षण गर्ने थलो संसद्को उपहास गर्दै कामचलाउ प्रधानमन्त्रीको सिफारिशमा निर्णय लिनुभयो । यतिमात्र होइन, वर्तमान निर्वाचित सरकारले अध्यादेशबाट नै सत्ता सञ्चालनको तयारी गरेको छ र देशका प्राय: सबै संवैधानिक निकायमा लोकतन्त्रलाई संस्थागत गर्न तटस्थ भूमिकामा बस्नुपर्ने संवैधानिक अङ्गका प्रमुखहरूको ठाउँमा आफूअनुकूलका व्यक्तिको नियुक्ति र त्यो पनि संसदीय सुनवाइ छलेर गरेको छ । दुई तिहाइको प्रधानमन्त्री भइसकेपछि वर्तमान प्रधानमन्त्रीको शासन सञ्चालन गर्ने तरीका नै पूरै फेरिएको छ । मन्त्रिपरिषद्को बैठकमा प्राय:जसो मुख्य सचिवले प्रस्तुत गर्ने एजेन्डा उल्लेख भइसकेपछि प्रधानमन्त्रीको सम्बोधन हुने र निर्णयमा पछि हस्ताक्षर गराइनेदेखि मन्त्रीहरूलाई विभागीय मन्त्रालयका निर्णयसमेत सरकारको प्रवक्तामार्फत सार्वजनिक भएपछि थाहा पाइने कुराहरू नाम उल्लेख नगर्ने शर्तमा मन्त्रीहरूले नै भन्नुभएको कुरा छापाहरूमा समेत आइसकेका छन् । नेपालमा कोभिडको महामारी छ । खोप ल्याउनेबारे निवर्तमान स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीले भारतबाट जिटुजी खरीदमा कमिशनको कुरा उठाउने व्यवसायीहरूका सम्बन्धमा नामै किटान गरेर भन्दा प्रधानमन्त्रीबाट 'तिनीहरू रैछन्' भन्ने बाहेक आजसम्म खोप खरीदतर्फ ठोस निर्णय हुन सकेको छैन । यस प्रकारका विधिबाट चलेको देशमा लोकतन्त्र कसरी स्थापित हुन सक्छ । शासन सञ्चालनको लागि शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित भएर गठन भएका विधायिका, कार्यपालिका र न्यायपालिकामध्ये दुईवटा अर्थात् विधायिका र कार्यपालिका दुवैले लोकतन्त्रको स्थायित्वको लागि निर्णय नलिई विपरीत दिशामा हिंडिरहेका बेला न्यायपालिकाले भने धेरै हदसम्म लोकतन्त्रलाई संस्थागत गर्नेतर्फ डोऱ्याउन निर्णयहरू गर्ने गरेको पाइन्छ ।

तर नेपालकै परिप्रेक्ष्यमा अध्यादेश खारेजीदेखि प्रतिनिधिसभाको दोस्रो विघटनसम्बन्धी सुनवाइमा सक्रियता देखाउँदै गर्दा संवैधानिक परिषद्को नियुक्तिसम्बन्धी मुद्दामा सुनवाइसमेत शुरू हुन नसक्नु अवसादको विषय बनेको छ । सम्मानित सर्वोच्च अदालतलाई यसतर्फ पनि तदारूकता देखाउन सम्बन्धित पक्षहरूबाट सम्मानीय प्रधानन्यायाधीशसमक्ष निवेदनसमेत पेश भएको छ । आशा गरौं, आज सम्पूर्ण प्रजातन्त्रप्रेमीको आशाको केन्द्र बनेको सम्मानित सर्वोच्च अदालतले जनतालाई निराश गर्नेछैन । तर के प्रतिनिधिसभा पुनर्स्थापित भइ नै हाल्यो भने नेपालको आर्थिक र सामाजिक संरचना परिवर्तन भइहाल्नेछ भन्ने होइन ।

विगतमा पूर्वप्रधानमन्त्रीहरूले पनि संसद् विघटनको अभ्यास गरेकै हुन् । निर्वाचनमा टिकट बाँड्दा प्रत्यक्ष र समानुपातिकतर्फ आफ्ना नातागोता, इष्टमित्रलगायत पार्टीका योग्य कार्यकर्तालाई उपेक्षा गरेर र मोलतोल गरेरसमेत टिकट बाँडेकै हुन् । विभिन्न संवैधानिक पदमा समेत आफ्ना आसेपासे र समर्थकलाई नियुक्ति गरेकै हुन् । उनीहरूको पालामा पनि पूँजीगत शीर्षकमा खर्च न्यून भएकै हो र भ्रष्टाचार पनि भएकै हो । त्यसो भए ओलीको सत्ता गुम्यो भने के फेरिन्छ त ? खासमा नेपाली आमजनताले हासिल गर्ने उपलब्धि त केही देखिंदैन । तर केसम्म फरक पर्न सक्छ भने शासन अध्यादेशबाट नचल्न सक्छ, कामचलाउ सरकारले मन्त्रिमण्डल विस्तार नगर्ला र कमसेकम प्रतिनिधिसभाबाट अर्को सरकार बन्ने सम्भावना रहेसम्म विघटन गर्ने साहस नहोला । तर यो देशमा गणतन्त्र छ भनेर देखाउनकै लागि भएपनि हाम्रो परिवेशमा यसलाई नै महत्त्वपूर्ण उपलब्धि मान्नुपर्ने बाध्यात्मक अवस्था भएकोले निरपेक्ष भावले भएपनि सर्वोच्चबाट प्रतिनिधिसभा पुनर्स्थापनाको निर्णयको कामना गर्नै पर्दछ ।

स्वतन्त्र विचार



विनोद गुप्ता

**त्यसो भए ओलीको सत्ता गुम्यो भने के फेरिन्छ त ? खासमा नेपाली आमजनताले हासिल गर्ने उपलब्धि त केही देखिंदैन । तर केसम्म फरक पर्न सक्छ भने शासन अध्यादेशबाट नचल्न सक्छ, कामचलाउ सरकारले मन्त्रिमण्डल विस्तार नगर्ला...**

# राष्ट्रिय धान दिवस : मानो रोपेर मुरी उब्जाउने कर्म

नारायण ढुङ्गाना, काठमाडौं, १५ असार/रासस

मङ्गलवार असार १५ । विसं २०६१ को सरकारी निर्णय अनुसार यस दिनलाई राष्ट्रिय धान दिवसको रूपमा मनाउन थालिएको १८ वर्ष पुगेको छ । आज मुलुकभर नै रोपाइँ उत्सव गरेर दिवस मनाइन्छ । दही चिउरा खाने, हिलो छ्यापाछ्याप गर्ने, ठाउँ अनुसार परम्परागतरूपमा सांस्कृतिक कार्यक्रम गरेर दिवस मनाउने चलन परम्परादेखि नै छ । धान मानिसको जन्मअघिदेखि मृत्युपर्यन्तसम्म नभई नहुने बाली हो । जीवन धान्ने आधार पनि धान नै हो । त्यसैले नेपाल मात्रै होइन दक्षिण एशियाली मुलुकमैं धानको महत्त्व बढी छ ।

कोभिड-१९ सङ्क्रमणका कारण पछिल्लो दुई वर्षदेखि भने यो दिन निकै खल्लोरूपमा बितिरहेको छ । निजी क्षेत्रबाट र किसानले आफ्नै तरीकाले स्वस्फूर्तरूपमा हिलो खेलेर छिटपुटरूपमा मनाए पनि सरकारीस्तरबाट हुने कार्यक्रम भने औपचारिकतामा मात्रै सीमित छ । गत वर्ष पनि साङ्केतिकरूपमा मनाइएको यो दिवस यसपटक पनि त्यसैगरी मनाउनुपरेको छ । कृषि विभागका निमित्त महानिर्देशक जानुका पण्डित भन्छिन्, "धानको महत्त्व जोगाउन, किसानलाई प्रेरित गर्न, प्रचारप्रसार तथा परम्परालाई निरन्तरता दिनका लागि मात्रै आवश्यक स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी दिवस मनाइएको हो ।"

सरकारले धानबाली सुरक्षित गर्दै क्षेत्र विस्तार र उत्पादन वृद्धिका कार्यक्रम अघि सारेको छ । जमीनको सुरक्षा, शुद्ध बीउ, सिंचाइ कार्यक्रम, जातको विकास गरी धानमा आत्मनिर्भर बनाउने सरकारी लक्ष्य छ ।

नेपालमा खेती हुने कुल जमीनको ४७ प्रतिशतमा धानखेती हुन्छ । कुल १४ लाख ७३ हजार हेक्टर क्षेत्रफलमा ५६ लाख २१ हजार मेट्रिकटन धान फल्ने कृषि विभागले जनाएको छ । प्राप्त विवरण अनुसार अघिल्लो वर्षको तुलनामा धान उत्पादनको क्षेत्रफल एक प्रतिशत र उत्पादनमा १ दशमलव ३ प्रतिशत वृद्धि भएको छ । विभिन्न कारणले मानिसमा खाद्य संस्कृतिको परिवर्तनले आन्तरिक उत्पादनले माग नधान्दा चामल आयातको क्रम भने बढ्दो छ ।

यसपटकको धान दिवसको नारा 'धान उत्पादनमा वृद्धि : खाद्य सुरक्षा आत्मनिर्भरता र समृद्धि' भन्ने रहेको छ । दिवसमा सांस्कृतिक, परम्परागत तथा मनोरञ्जनात्मक (हिलो छ्याप्ने) कार्यक्रममा रोक लगाइएको छ । मापदण्ड नै तयार पारी दिवस मनाउन थालिएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका कृषि सचिव डा योगेन्द्रकुमार कार्कीले किसानको घरदैलोमा अनुसन्धान पुऱ्याउन नसके धानको उत्पादन बढाउन चुनौती हुने जिकिर गरे । "प्राङ्गारिक र रासायनिक मलको समन्वय जरुरी छ," कार्कीले भने, "विगतमा मलको हाहाकार भएकाले पहिलोपटक उत्तरी नाकाबाट मल ल्याउन सफल भइएको छ, यसपालि मलमा समस्या भएन, अब सरकारले नेपालमैं मल उत्पादन गर्ने योजना अघि बढाएकाले पनि समस्या हट्ने आशा गर्न सकिन्छ ।"

मुलुकमा अहिले एक करोड १६ लाख मेट्रिकटन खाद्यान्न उत्पादन हुन्छ । नेपालमा ९६ लाख मेट्रिकटन खाद्यान्न भयो भने पुग्छ तर वार्षिक ४० अर्ब बढीको चामल आयात भइरहेको छ । मानिसको खाने संस्कृति परिवर्तन भएकाले यस्तो भएको कृषि विज्ञको भनाइ छ । राष्ट्रिय योजना आयोगका सदस्य डा कृष्णप्रसाद ओली, जन्मनुअघिदेखि मृत्युपर्यन्तसम्म धानको प्रयोग हुने मुलुकमा अनुसन्धान गरी नयाँ हाइब्रिड धानको विकास जरुरी रहेको औंल्याउँछन् । उनले जलवायु परिवर्तन भइरहेकाले त्यसको प्रभावको आधारमा जातको विकास गरी अर्गानिक उत्पादनलाई समेत प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय किसान आयोगका अध्यक्ष डा प्रेमप्रसाद दङ्गाल खाद्य संस्कृति परिवर्तन र मानिसमा भात खाने प्रवृत्तिका कारण मुलुकको उत्पादनभन्दा मसिनो र बासमतीको रोजाइ बढेको हो भन्छन् । उनले प्रविधिलाई किसानको घरघरमा

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## कोरोनाबाट प्रभावित पन्ध्र देशको सङ्क्रमित र मृतकको सङ्ख्या

बेइजिङ, १५ असार/सिन्हवा

जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार विश्वभरमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या १८ करोड १४ लाख ३१ हजार १२३ छ।

कोरोना सङ्क्रमणबाट हालसम्म विश्वभर ३९ लाख २९ हजार ८२९ जनाको मृत्यु भएको छ।

सो विश्वविद्यालयले जून २९ मा प्रकाशित गरेको विवरण अनुसार कोरोनाबाट अत्यन्त प्रभावित बीस देशका सङ्क्रमित र यस सङ्क्रमणबाट ज्यान गुमाएका नागरिकको सङ्ख्या यस प्रकार छ–

| देश | कुल सङ्क्रमित | मृत्यु |
|---|---|---|
| संयुक्त राज्य अमेरिका | तीन करोड ३६ लाख ४० हजार ५२७ | छ लाख ४ हजार ११५ |
| भारत | तीन करोड ३ लाख १६ हजार ८९७ | तीन लाख ९७ हजार ६३७ |
| ब्रजील | एक करोड ८४ लाख ४८ हजार ४०२ | पाच लाख १४ हजार ९२ |
| फ्रान्स | ५८ लाख ३२ हजार ४९० | एक लाख ११ हजार १७४ |
| टर्की | ५४ लाख १४ हजार ३१० | ४९ हजार ६३४ |
| रूस | ५४ लाख ८ हजार ७४४ | एक लाख ३१ हजार ६७१ |
| बेलायत | ४७ लाख ७१ हजार ३६७ | एक लाख २८ हजार ३६७ |
| अर्जेन्टिना | ४४ लाख २३ हजार ६३६ | ९३ हजार १४२ |
| इटाली | ४२ लाख ५८ हजार ४५६ | एक लाख २७ हजार ५०० |
| कोलम्बिया | ४१ लाख ८७ हजार १९४ | एक लाख ५ हजार ३२६ |
| स्पेन | ३७ लाख ९२ हजार ६४२ | ८० हजार ७८९ |
| जर्मनी | ३७ लाख ३४ हजार ८३२ | ९० हजार ८२७ |
| इरान | ३१ लाख ८० हजार ९२ | ८३ हजार ९८५ |
| पोल्यान्ड | २८ लाख ७९ हजार ६८९ | ७४ हजार ९७९ |
| मेक्सिको | २५ लाख ७ हजार ४५३ | दुई लाख ३२ हजार ६०८ |
| युक्रेन | २२ लाख ९८ हजार ६६० | ५४ हजार ५२२ |
| इन्डोनेसिया | २१ लाख ३५ हजार ९९८ | ५७ हजार ५६१ |
| पेरू | २० लाख ४८ हजार ११५ | एक लाख ९१ हजार ८९९ |
| दक्षिण अफ्रिका | १९ लाख ४१ हजार ११९ | ६० हजार ३८ |
| नेदरल्यान्ड | १७ लाख ११ हजार ५४५ | १८ हजार ३४ |

रासस

## भारतमा सङ्क्रमितको सङ्ख्या चालीस हजारभन्दा कम

नयाँ दिल्ली, १५ असार/सिन्हवा

गत २४ घण्टामा भारतमा ३७ हजार ५६६ थप व्यक्तिमा कोरोना सङ्क्रमण भएपछि कोरोना सङ्क्रमितको कुल सङ्ख्या ३ करोड ३ लाख १६ हजार ८९७ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलवार जनाएको छ।

भारतमा गत २४ घण्टामा भएको कोरोना सङ्क्रमितको यो सङ्ख्या विगत १०२ दिनयताकै सबैभन्दा कम हो। चालीस हजारभन्दा कम व्यक्ति कोरोना सङ्क्रमण भएको १०२ दिनपछि यो पहिलोपटक हो। भारतमा हिजो कोरोना सङ्क्रमणबाट ९०७ व्यक्तिको मृत्यु भएको छ। करीब ७० दिनपछि भारतमा गत दुई दिनयतादेखि एक हजारभन्दा कम व्यक्तिको कोरोनाबाट ज्यान गएको छ। गत अप्रिल १४ मा भारतमा कोरोना सङ्क्रमणबाट एक हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो। कोरोना प्रकोपबाट ज्यान गुमाउनेको सङ्ख्या तीन लाख ९७ हजार ६३७ पुगेको छ। हाल भारतमा पाँच लाख ५२ हजार ६५९ जना सक्रिय सङ्क्रमित छन्। भारतमा कोरोना शुरू भएदेखि हालसम्म दुई करोड ९३ लाख ६६ हजार ६०१ व्यक्ति कोरोनामुक्त भएका छन्। यहाँ कोरोना भाइरस मुक्तिदर ९६.८७ प्रतिशत रहेको छ। जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म ३२ करोड ९० लाख २९ हजार ५१० मात्रा खोप लगाइएको छ। रासस

## अमेरिकी र इजरायली राष्ट्रपतिबीच भेटवार्ता

वाशिङ्टन,१५ असार/सिन्हवा

अमेरिकी राष्ट्रपति जो बाइडेन र इजरायली राष्ट्रपति रेभन रिभलिनबीच भेटवार्ता भएको छ। अमेरिकी राष्ट्रपति बाइडेनले सोमवार ह्वाइट हाउसमा इजरायली राष्ट्रपति रिभलिनसँग वार्ता गरेका हुन्। उनीहरूबीच अमेरिका र इजरायलबीच द्विपक्षीय हितका साथै अन्य कूटनीतिक विषयमा कुराकानी भएको बताइएको छ।

हाल इजरायलका राष्ट्रपति रिभलिन अमेरिका भ्रमणमा छन्। सो भेटका क्रममा उनीहरूबीच इरानका विषयमा पनि कुरा भएको थियो। इरानले कुनै पनि हालतमा आणविक हतियार नपाउने विषयमा अमेरिकी राष्ट्रपति बाइडेनले इजरायली राष्ट्रपतिलाई सुनिश्चित गराएका थिए।

त्यस भेटका क्रममा अमेरिकी राष्ट्रपति बाइडेनले इजरायली प्रधानमन्त्री नाफ्ताली बेनेटलाई छिट्टै अमेरिका भ्रमणका लागि आमन्त्रण गर्ने जानकारी पनि दिएका थिए। उनले यस क्षेत्रमा इजरायलको अरू देशहरूसँग सम्बन्ध सामान्य बनाउने विषयमा पनि कुरा गरेका थिए। अमेरिकाले सो कार्यका लागि इजरायललाई सहयोग गर्ने पनि बताएका थिए।

उनको आगामी महीना राष्ट्रपति पदको कार्यकाल सकिन लागेको छ। इजरायलमा राष्ट्रपतिको पद आलङ्कारिक रहन्छ। त्यहाँ राष्ट्रपतिको कार्यकारी अधिकार थोरै मात्र छ। रासस

## खोपको विज्ञापन अभियान गर्न सरकार आग्रह

क्यानबेरा, १५ असार/सिन्हवा

अस्ट्रेलियाका चिकित्सकहरूले कोरोना भाइरस खोपको गलत सूचनालाई सम्बोधन गर्न तत्काल राष्ट्रिय विज्ञापन अभियानको आह्वान गर्न सरकारलाई सुझाव दिएका छन्।

रोयल अस्ट्रेलियन कलेज अफ जनरल प्राक्टिसनर्स (आरएसिजिपी)ले हालसालै सरकारलाई खोपप्रति सकारात्मक भावना तथा खोप कार्यक्रमबारे सचेतना जगाउन विज्ञापन अनिवार्य र महत्त्वपूर्ण रहेको बताएको हो।

"पक्कै पनि आफ्नो दोस्रो मात्राको खोपबारेमा चासो व्यक्त गरिरहेका छन् र स्वीकार गर्ने वा अस्वीकार गर्ने बहस नागरिकबीच हुनु वास्तविक चिन्ताको विषय हो। नागरिकमा खोपबारे जानकारी कम हुन सक्छ। विज्ञको सुझावलाई सचेतनामूलक कार्यक्रमबाट उनीहरूसमक्ष पुऱ्याउनु जरुरी देखिन्छ," आरएसिजिपीका अध्यक्ष करेन प्राइसले नाइन इन्टरटेन्मेन्ट समाचार संस्थासँग भने।

"मलाई लाग्छ हामीलाई महामारीले थकाएको छ। हामीले भ्रमलाई सम्बोधन गरेर अघि बढेनौं भने यसबाट जोखिम निम्तिन सक्छ। अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले सोमवार राति अस्ट्राजेनिकाको कोभिड–१९ विरुद्धको खोप लिन चाहने ४० वर्षमाथिका नागरिकहरूलाई नाम दर्ता गराउन आग्रह गरेका थिए। यसपहिले अस्ट्रेलियामा ६० वर्षमाथिका नागरिकलाई अस्ट्राजेनिकाद्वारा विकसित खोप लगाउन सिफारिश गरिएको थियो। प्रधानमन्त्रीको पछिल्लो आग्रहले अस्ट्रेलियाले ४० वर्षमाथिका नागरिकलाई उक्त खोप दिने तयारी थालेको बुझ्न सकिन्छ।

"यदि हामी अभियान अगाडि बढ्नुअघि आपूर्ति बढ्ने प्रतीक्षा गर्छौं भने यसबीचमा धेरै मानिसलाई खोपबारेको भ्रमलाई चिर्न अनिवार्य हुन्छ।" अस्ट्राजेनिकाको खोप प्रयोग गर्दा रगत जम्ने सूचनाहरू आएपछि अस्ट्रेलियाली नागरिकले खोप लिने वा नलिने भन्नेमा बहस चलाएका छन्। रगत जम्ने भनी समाचार आए पनि बिरलै मुद्दाहरूमा खोपको विकृति पाइएपछि सङ्घीय, राज्य र क्षेत्रीय नेताहरूले सोमवार यो खोपबाट आउने समस्यामा क्षतिपूर्ति दिन सहमत भएका हुन्।

स्वास्थ्य विभागका प्रवक्ताले भने जनचेतना अभियान निरन्तर चलिरहेको जानकारी दिएका छन्। सोमवार दिउँसो प्राप्त तथ्याङ्क अनुसार अस्ट्रेलियामा कोभिड–१९ बाट सङ्क्रमितको सङ्ख्या ३० हजार ५२८ रहेको छ भने उक्त अवधिमा स्वदेश तथा विदेशबाट आएका क्रमशः २३ र ६ व्यक्तिमा नयाँ सङ्क्रमण भेटिएको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – कर्मप्राप्ति |
| मिथुन – अस्वस्थता | कर्कट – वादविवाद |
| सिंह – व्यापारवृद्धि | कन्या – अलमल |
| तुला – कार्यनाश | वृश्चिक – भयचिन्ता |
| धनु – राज्यलाभ | मकर – धनक्षति |
| कुम्भ – सुयश | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# कौडी नही पास–मेला लगे उदास

मुलुकमा राष्ट्रिय सङ्कट छ, संविधानको मर्म र भावनाविपरीत काम भइरहेको छ भन्दै लामो समयदेखि ओलीका विपक्षीहरूले कोलाहल मचाउँदै आएको सबैलाई थाहै छ। न्यायालयबाट सबैथोक थाप्नेहरू कङ्गाल भएका थुप्रै उदाहरण छन्। उखान नै छ 'आदमी आदमीमें अन्तर, कोही हीरा कोई कंकड।'

एमाले त्यागेर विपक्षी गठबन्धनमा पस्ने माधव नेपालहरूलाई धेरैले 'आए थे हरिभजनको ओटने लगे कपास'समेत भन्न थालेका छन्। 'एक चुप हजार सुख'को नीति नलिनाले अहिले माधवहरू घरको न घाटको भएका छन्। ओलीले त माधवलाई 'एक पापी सारी नाव डुबाए'को आरोप लगाउन थालेका छन्। ओलीले संविधानविपरीत काम गर्दै आएको लामै भइसक्यो। उनले नियुक्ति गरेका दर्जनौं मन्त्री बर्खास्त भएपनि उनको प्रधानमन्त्री पद कायम रहनुलाई आजकल देशमा 'करे मुछोवाला, पकडा जाए दाढीवाला' भन्न थालिएको छ। महन्थ, राजेन्द्र महतो समूहलाई त तराईमा अहिले 'किया चाहे चाकरी, राखा चाहे मान' भनिन्छ। कतिले त महन्थहरूलाई 'चौबेजी गए छब्बे बन्ने, दुहे हि रह गए' समेत भन्छन्। ओलीको अवस्था त अचेल 'घरमें कोल्हू, तेली खाए सुखा' झैं छ। जबसम्म नेताहरूले 'गङ्गा गए तो गङ्गादास, जमुना गए तो जमुनादास' रवैया त्याग्दैनन्, तबसम्म मुलुकबाट अन्योलको बादल फाट्ने देखिंदैन। हिन्दीमा एउटा उखान नै छ– गंजा होने पर हि बालोका महत्त्व पत्ता चलता है। देख्नुभएन अस्ति रघुवीर महासेठ, अनिल झाजस्ता नेतालाई जनताले 'काम रहे तो काजी, न रहे तो पाजी' झैं व्यवहार देखाए। भीड, लावालस्करसहित जिल्ला दौडाहामा पुगेका उनीहरू मन्त्री पद गुम्ने बित्तिकै भिजेको बिरालोझैं एक्लै लुरुलुरु राजधानी फर्किनुपऱ्यो। ओलीको व्यवहार नै 'कोठीवाला रोवे, छप्परवाला सोवे' जस्तै भएकाले पनि यस्तो अवस्था सिर्जना भएको मानिन्छ। 'करनी न खाक कि, बात करे लाख कि' भनेको ओली नै हुन्। उखान नै छ– कमजोर सदा मार खाता है।

'कुएमें मेढकको, कुआँ जहान' झैं ओली प्रधानमन्त्री बनेपछि यो पदलाई

मन्तव्य



कुमार रुपाखेती

**अर्थात् रोग लाग्दा, दुःख पर्दा, शत्रु सङ्कटमा, राजसभा र श्मशानमा जसले साथ दिन्छ, उही सच्चा मित्र हो। हाम्रा नेताहरू कहिले देश र जनताका सच्चा मित्रमा परिणत हुने हुन्, त्यो दैवले नै जानून्।**

समेत कहिले ओली उत्साहित हुने र कहिले विपक्षी उत्साहित हुने खालका निर्णयहरू बाहिरिनाले समेत अन्योल थपिएको छ। सूर्य चिह्न र एमालेको हकदार ओली र ओलीले पुनर्गठन गरेका मन्त्रीहरू अवैधानिक भन्ने निर्णय पनि न्यायालयबाट विपक्षी झस्किने अवस्था सिर्जना भएको छ।

महन्थ ठाकुरले ओलीलाई दिएको साथलाई धेरैले 'अन्धेको अन्धा राह दिखाए, दोनो खड्डेमें गिरे' भन्ने गरेका छन्। 'कङ्गालीमें आटा गिला' भनेको पनि यही हो।

स्मरणीय छ कि अहिलेका राष्ट्रपति र प्रधानमन्त्रीलाई सहर्ष पदासीन गराउने प्रचण्ड र माधव नेपालहरू नै हुन्। तर कालान्तरमा ओलीले 'अन्डे सेवे कोई, बच्चे लेवे कोई'को वातावरण सिर्जना गर्दै गएपछि यिनीहरूबीच फाटो बढ्दै गएको हो। हेक्का रहोस् भित्री आशय जेसुकै भएपनि देउवा, प्रचण्ड र माधव नेपाल सबै प्रधानमन्त्री पदका लोभीहरू हुन्। त्यसैले त माधवले पैतरा बदल्ने डरले विपक्षीहरू अचेल देउवाको स्थानमा माधवलाई पनि प्रधानमन्त्री बनाउन सक्ने आधारहरू छन् भन्न थालेका छन्। 'अटका बनिया दे उधार' भनेको यही हो अथवा यसलाई 'पानीमे मछरी नौ नौ कुटिया' पनि भन्न सकिन्छ।

'अल्प विद्या भयङ्कारी' भन्ने त उखान नै छ। त्यसैले त देउवा, माधव र प्रचण्डहरूले आफ्नो सबैथोक एउटै दाउमा लगाएका छन्। एउटै दाउमा संसार ठान्न थालेका छन्, शायद उनी बाहिरी वातावरणबाट पूर्णतया अनभिज्ञ छन्। एउटा गीत छ– 'झूट बोले कौवा काटे' तर राजनीतिक दलका नेतादेखि कार्यकर्तासम्म सबै झूटको पुलिन्दा बनेर हिंडेका देखिन्छन्। यस्ता कार्यहरूले झन्झन् अन्योल बढेको छ।

संस्कृतमा एउटा श्लोक यस प्रकार छ–

**मूर्ख शिष्योपदेशन दुष्टास्त्री भरेणे च।**
**दुखितैः सम्प्रयोगेण पण्डितज्ज्य बसीदलित ॥**

अर्थात् मूर्ख शिष्यलाई उपदेश दिंदा, दुष्टलाई पत्नीका रूपमा स्वीकार्दा र दुःखदायी व्यक्तिसँग व्यवहार गर्दा बुद्धिमान्ले पनि दुःख पाउँछ।

अहिले आमनागरिक कोरोनाको तेस्रो लहरको आक्रमणको त्रासमा छ। सहयोगमा प्राप्तबाहेक सरकारले कोभिड खोप खरीद गरेको छैन। कोभिडकालमा नेताहरू दुलो पसेको सबैले अनुभव गरेकै हुन्।

एक विद्वान्ले संस्कृतमा भनेका छन्–

**आतुरेण्यवसने प्राप्ते दुर्भिक्षे शत्रुसङ्कटे।**
**राजद्वारे श्माशाने च यः तिष्ठति सः बान्धवः ॥**

अर्थात् रोग लाग्दा, दुःख पर्दा, शत्रु सङ्कटमा, राजसभा र श्मशानमा जसले साथ दिन्छ, उही सच्चा मित्र हो। हाम्रा नेताहरू कहिले देश र जनताका सच्चा मित्रमा परिणत हुने हुन्, त्यो दैवले नै जानून्।

## दही–चिउरा खाएर मनाइयो असार १५

काठमाडौं, १५ असार/रासस

दही–चिउरा खाएर मनाइने सांस्कृतिक परम्परा मङ्गलवार मनाइएको छ। खेतमा रोपाइँ गरी दही–चिउरा खाएर मनाइने यो सांस्कृतिक परम्परा रोपाइँ शुरू हुन थालेपछिदेखि नै मनाउन थालिएको हो। असार मुठी रोपेर मुरी उमार्ने महीनाका रूपमा सदियौंदेखि लिइँदै आएको महीना हो। विसं २०६२ देखि भने यो दिनलाई राष्ट्रिय धान दिवसका रूपमा पनि मनाउन थालिएको छ।

किसान वर्षभरका लागि छाक जुटाउन यो महीना खेतीमा व्यस्त हुन्छन्। व्यस्त हुने महीनाको मध्यमा अर्थात् १५ गते दही–चिउरा खाएर धान दिवस मनाउने परम्परा नेपाली समाजमा चल्दै आएको छ। आजका दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपु छुपु हिलोमा धान रोपिन्छ। 'छुपु र छुपु हिलोमा धान रोपेर छोडौंला, बनाइ कुलो लगाइ पानी आएर गोडौंला' जस्ता लोकलयका गीत गाएर खेतमैं रमाइलो पनि गरिएको छ।

मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापाछ्याप गरेर मनोरञ्जन गर्छन्। कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दही–चिउरा खान्छन्। यसबेला दही–चिउराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ। असार १५ लाई नेपाली समाजमा दही–चिउरा खाने पर्वको रूपमा पनि लिइन्छ। खेतीपातीबाहेक अन्य पेशा र व्यवसायमा लागेका नेपालीले पनि आज दही–चिउरा खाई असार १५ मनाएका छन्।

हाम्रो संस्कृतिमा दहीको स्थान महत्त्वपूर्ण छ। शुभकार्यका लागि घरबाहिर निस्कने, विदेश जाने आदि महत्त्वपूर्ण काम गर्नुअघि दही–अक्षता मुछेर निधारमा रातो टीका लगाउने परम्परा छ। यस्ता शुभ काममा निस्कनुअघि सगुनका रूपमा पनि दही खुवाएर बिदाइ गरिन्छ। निस्कने बेलामा दही खाएर हिंडे साइत पर्ने जनविश्वास रहिआएको छ।

दही वैज्ञानिक दृष्टिले पनि स्वास्थ्यवर्द्धक मानिन्छ। गुरु गोरखनाथले नेपालको एकीकरणकर्ता पृथ्वीनारायण शाहलाई दही खान दिएर पराक्रमी हुने

(बाँकी अन्तिम पातामा)

## देशभर २७ प्रतिशत धान रोपाइँ

काठमाडौं, १५ असार/रासस

धान रोपाइँ हुने क्षेत्रफलमध्ये देशभर करीब २७ प्रतिशतमा वर्षे धान रोपाइँ सम्पन्न भएको छ।

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका अनुसार असार १५ सम्ममा देशभर २७ दशमलव १२ प्रतिशत क्षेत्रफलमा वर्षे धान रोपाइँ सम्पन्न भएको हो। सात प्रदेशमध्ये हालसम्म कर्णाली प्रदेशमा सबैभन्दा बढी धान रोपाइँ भएको केन्द्रका प्रमुख रामकृष्ण श्रेष्ठले जानकारी दिए। उनले कर्णाली प्रदेशमा छिटो रोपाइँ थालिने भएका कारण पनि सबैभन्दा बढी रोपाइँ सकिएको जानकारी दिए।

प्रमुख श्रेष्ठका अनुसार प्रदेश नं १ मा दुई लाख ७५ हजार ९०१ हेक्टर क्षेत्रफलमध्ये हालसम्म ४९ हजार ६२३ हेक्टरमा धान रोपिएको छ। यो धान रोपाइँ हुने कुल क्षेत्रफलमध्ये १७ दशमलव ९९ प्रतिशत रहेको छ। त्यस्तै, प्रदेश नं २ मा १० दशमलव ५५ प्रतिशत मात्र रोपाइँ सकिएको छ। तीन लाख ६५ हजार ६१५ हेक्टर क्षेत्रफलमध्ये हालसम्म यो प्रदेशमा ३८ हजार ५८६ हेक्टरमा मात्र धान रोपाइँ सकिएको छ। वाग्मती प्रदेशको एक लाख १५ हजार २९५ हेक्टर क्षेत्रफलमध्ये हालसम्म २१ दशमलव ०७ अर्थात् २४ हजार २८८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ।

यसैगरी, गण्डकी प्रदेशमा १० लाख आठ हजार २७८ हेक्टर क्षेत्रफलमध्ये हालसम्म १५ दशमलव ३४ प्रतिशत अर्थात् १६ हजार ६१२ हेक्टरमा, लुम्बिनी प्रदेशमा तीन लाख ३ हजार ५९३ हेक्टर क्षेत्रफलमध्ये ४५ दशमलव ९४ प्रतिशत अर्थात् एक लाख ३९ हजार ४५६ हेक्टर, कर्णाली प्रदेशमा ३८ हजार ३८५ हेक्टर क्षेत्रफलमध्ये ६२ प्रतिशत अर्थात् २३ हजार ८५० हेक्टर क्षेत्रफलमा र सुदूरपश्चिम प्रदेशमा एक लाख ६४ हजार ६३९ हेक्टर क्षेत्रफलमध्ये ४८ दशमलव ३१ प्रतिशत अर्थात् ७९ हजार ५४० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको प्रमुख श्रेष्ठले जानकारी दिए।

गत वर्ष असार १५ गतेसम्म सातै प्रदेशमा ३५ दशमलव ४८ प्रतिशत धान रोपाइँ सकिएको थियो। सातै प्रदेशका १३ लाख ७१ हजार ७०६ हेक्टर क्षेत्रफलमध्ये चार लाख ८६ हजार ६६२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको थियो।

# भवानीपुरमा विद्यालय भवनको उद्घाटन

प्रस, वीरगंज, १५ असार/

नगरप्रमुख विजयकुमार सरावगीले वीरगंज महानगर–२७ भवानीपुरमा विद्यालय भवनको उद्घाटन गरेका छन्।



महानगरपालिकाको नगरस्तरीय बजेटबाट निर्माण गरिएको चार कोठे विद्यालय भवनको मङ्गलवार नगरप्रमुख सरावगीले उद्घाटन गरेका हुन्। रु ३० लाख लागतमा निर्माण भएको भवनको पर्खाल निर्माणका लागि ९ लाख, शौचालय निर्माणका लागि ७ लाख र खेलमैदानमा माटो पुर्नका लागि २ लाख रुपैयाँ महानगरपालिकाबाट उपलब्ध गराइएको नगरप्रमुख सरावगीले बताए।

यसैबीच, वीरगंज महानगर–३१ कृषि शाखाले आयोजना गरेको धान दिवस कार्यक्रमको नगरप्रमुख सरावगीले रोपाइँ गरेर उद्घाटन गरेका छन्।

# पोषणसम्बन्धी अभिमुखीकरण

प्रस, पंचगावाँ, १५ असार/

पटेर्वासुगौली गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत बालविकास सहजकर्ताहरूको लागि पोषणसम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको छ।


तस्वीर: प्रतीक

गापामा रहेका २४ वटा सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ताहरूलाई पोषणबारे बालबालिकाहरूलाई जनचेतना दिने उद्देश्यले तालीम आयोजना गरिएको प्रमुख प्रशासकीय अधिकृत भुजेन्द्रप्रसाद यादवले बताए। गापाको सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास कक्षामा पढ्ने बालबालिकाहरूमध्ये अधिकांश कुपोषणको शिकार भएको पाइएको र उनीहरू सोही कारण पढाइप्रति मानसिक र शारीरिकरूपले तयार नहुँदा कुपोषणबाट जोगाउन अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको बताए।

कार्यक्रममा स्वास्थ्य शाखाका दीपनारायण महतो र जगन्नाथ साहले सहभागीहरूलाई प्रशिक्षण दिइरहेको वनदेवी आधारभूत विद्यालयकी शिक्षिका सुस्मिताकुमारी चौधरीले बताइन्।

# मोबाइल चार्ज गर्दा करेन्ट लागेर मृत्यु

प्रस, सप्तरी, १५ असार/

मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर सप्तरीमा एकजना महिलाको मृत्यु भएको छ।

जिल्लाको अग्निसाइर कृष्णसावरण गाउँपालिका वडा नं ६ महुली बजार निवासी ३५ वर्षीया जहादा खातुनको मृत्यु भएको हो।

सोमवार साँझ मोबाइल चार्ज गर्ने क्रममा तार सर्ट भई करेन्ट लागेर गम्भीर घाइते खातुनको नर्सिङ होम अस्पताल विराटनगरमा उपचार हुँदाहुँदै ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।






# सातजना सङ्क्रमित थप

प्रस, वीरगंज, १५ असार/

नारायणी अस्पतालको प्रयोगशालाले मङ्गलवार सातजना सङ्क्रमित थप भएको जनाएको छ। अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले ६३ जनाको स्वाब परीक्षण गर्दा पर्साका चार, रौतहटका दुई र बाराका एकजना गरी सातजना सङ्क्रमित थपिएको बताए। उनले सङ्क्रमितहरू २४ देखि ८० वर्ष उमेरका दुईजना महिला र पाँचजना पुरुष रहेको र उनीहरूको सिटी भ्यालू १४ देखि ३५ रहेको बताए।

यसैबीच, मङ्गलवार रौतहट जिल्लाको हर्षाहा निवासी ३३ वर्षीया महिलाको निधन भएको छ। नारायणी अस्पतालमा जेठ २२ गते सङ्क्रमण पुष्टि भएपछि २४ गतेदेखि भर्ना रहेकी महिलाको आज दिउँसो १ बजे निधन भएको कोभिड संयोजक डा सिंहले बताए।

# स्वास्थ्य सामग्री वितरण

सप्तरी, १५ असार/रासस

कोभिड–१९ को महामारीमा अग्रपङ्क्तिमा खटिएका प्रहरी, स्वास्थ्यकर्मीका साथै सङ्क्रमित र हेरचाहका लागि खट्ने कुरुवाका लागि मङ्गलवार सप्तरीमा स्वास्थ्य सामग्री वितरण गरिएको छ।

सप्तरीका विभिन्न प्रहरी कार्यालय र आइसोलेशन केन्द्रमा एकै दिन स्वास्थ्य तथा सरसफाइ एवं मर्यादित किट वितरण गरेको समग्र जनउत्थान केन्द्रले जानकारी दिएको छ।

# प्रदेशसभाको बैठक पुन: स्थगित

प्रस, जनकपुरधाम, १५ असार/

प्रदेश–२ को प्रदेशसभा बैठक मङ्गलवार दिउँसो २ बजेका लागि बोलाइएकोमा बैठक नबसी स्थगित भएको छ। प्रदेश सरकारले प्रस्तुत गरेको बजेट सम्बन्धमा कुरा नमिल्ने भएपछि बैठक स्थगित भएको हो।

बितेको असार १ गते प्रदेशसभामा प्रस्तुत आउँदो आव २०७८/७९ को बजेटमाथि छलफल गर्ने गरी बैठक आह्वान गरिएकोमा बैठकै नबसी स्थगित भएको संसद् सचिवालयले जनाएको छ। प्रदेशसभाको बैठक अब असार २३ गते बस्ने प्रदेशसभा सचिवालयका सचिव रञ्जीत यादवले जानकारी दिए।

गत असार १ गते प्रदेशसभा बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले बजेट प्रस्तुत गरेपछि सोही दिन बसेको अर्को बैठक विपक्षी सांसदले बजेटप्रति असन्तुष्टि जनाउँदै अवरुद्ध गरेका थिए। सांसदहरूले संसदीय विकास कोषको रकम वृद्धि नगरेको भन्दै असन्तुष्टि जनाएका हुन्। सोही दिन नेकपा एमाले र नेकपा माओवादी केन्द्रका सांसदहरूले बैठक अवरुद्ध गरेपछि सो दिन स्थगित गरी मङ्गलवारका लागि बैठक आह्वान गरिएको थियो।

सांसदहरूको असन्तुष्टिबारे संसद् सदस्यहरूसँग प्रदेश सरकारले छलफल नै नगरी बैठक बोलाएपछि सरकारमा सहभागी दलका सांसदहरूसमेत रिसाएका थिए। संसदीय विकास कोषको रकम वृद्धि गर्नुपर्नेमा सत्तारूढ दलका सांसदहरूको समेत समर्थन विपक्षीतर्फ हुन सक्ने सङ्केत पाएकाले पुनः संसद् अवरुद्ध हुने आशङ्कामा प्रदेशसभा बैठक स्थगित गरिएको बताइएको छ।

असन्तुष्ट सांसदहरूले प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड र समानुपातिक सांसदलाई २ करोड ५० लाख संसदीय विकास कोषमा रकम उपलब्ध गराउन माग गरेका छन्। सरकारी बजेट फ्रिज भइरहेको तर सांसदको निर्वाचन क्षेत्र विकासका लागि दिइएको बजेट भने पूरा खर्च भइरहेको उनीहरूको तर्क छ।

# बैठक खर्च विपन्न महिलाको उपचारमा

सप्तरी, १५ असार/रासस

राजविराजमा गठित मानव अधिकार निगरानी समूहले आफ्नो बैठक खर्चको रकम एक विपन्न महिलालाई उपचारका लागि प्रदान गरेको छ। शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकार संरक्षणका लागि इन्सेकद्वारा गठित समूहको बैठकको चियानास्ता खर्चबापत जम्मा भएको पाँच हजार पाँच सय रुपियाँ राजविराज–९ मलेठकी सियावती मेहतालाई उनकै घर पुगेर समूहले प्रदान गरेको हो।

इन्सेक प्रतिनिधि मनोहर पोखरेल, सहजकर्ता दीपक यादव र समूहका सहस्यसहित पुगेको निगरानी समूहका अध्यक्ष रघुवर साहले उक्त रकम हस्तान्तरण गरेका हुन्।

उपचार खर्चको अभावमा घरमैं बसेकी आँखा रोगी मेहताले प्राप्त रकमले विराटनगर गई उपचार गराउने बताइन्। आँखा अस्पताल लहानले विराटनगर जान सल्लाह दिएको र मिर्गौलामा समेत समस्या देखिएको उनले जानकारी दिइन्। उनका पति पत्रकार एवं समूहका सदस्य उपेन्द्रनारायण मेहताको गत वैशाख १३ गते मृत्यु भएको थियो।

# अक्सिजन कन्सेन्ट्रेटर सहयोग

प्रस, जनकपुरधाम, १५ असार/

प्रदेश नं २ प्रदेश सरकारलाई युथ काङ्ग्रेस नेपालले पाँच थान अक्सिजन कन्सेन्ट्रेटर सहयोगस्वरूप दिएको छ। युथ काङ्ग्रेस नेपालका प्रदेश संयोजक रमेश राजले मङ्गलवार प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीलाई उक्त उपकरण हस्तान्तरण गरेका हुन्।

उक्त अक्सिजन कन्सेन्ट्रेटर प्रदेशका लागि युथ काङ्ग्रेस अमेरिकाले सहयोग दिएको युथका प्रदेश संयोजक राजले कार्यक्रममा जानकारी गराए। सो अवसरमा मुख्यमन्त्री गद्दीले कोरोना महामारीविरुद्ध लडनका लागि अति आवश्यक अक्सिजन कन्सेन्ट्रेटर सहयोग गरेकोमा युथ काङ्ग्रेसलाई धन्यवाद ज्ञापन गरे।

प्रदेश अन्तर्गतका अति आवश्यक र सेवाको अवस्था हेरेर उक्त उपकरण अस्पतालहरूलाई प्रदान गरिने उनले बताएका छन्।

यसअघि जनता स्वास्थ्य केन्द्र आइसोलेशन काठमाडौंलाई पनि युथ काङ्ग्रेसले अक्सिजन कन्सेन्ट्रेटर प्रदान गरेको थियो।

## राष्ट्रिय धान दिवस....

पुर्‍याउन नसके धान उत्पादन वृद्धि हुन नसक्ने जिकिर गरे।

नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक डा दीपक भण्डारी मसिनो धानको आयात वृद्धि भइरहेको अवस्थामा त्यसलाई रोक्नका लागि हाइब्रिड जातको विकास जरुरी रहेको र परिषद् त्यसतर्फ अघि बढिरहेको छ भन्छन्। उनले हालै मात्र हर्दिनाथ हाइब्रिड निकालेकाले त्यो धान लगाउन किसानलाई सुझावसमेत दिएका छन्।

## दही-चिउरा.........

भविष्यवाणी गरेका थिए भनिन्छ। आयुर्वेदमा भोजनको अन्त्यमा दही मथेर बनाएको मोही पिएमा औषधि उपचारका लागि स्वास्थ्यकर्मीकहाँ जानु नपर्ने बताइएको छ। 'भोजनान्ते पिबेत तक्रं वैद्यस्य किं प्रयोजनम्म्' भन्ने जस्ता वाक्य पनि आयुर्वेदमा उल्लेख गरिएको छ। दहीले पाचन शक्ति पनि बढाउँछ।

पखाला लागेका बेला दही–चिउरा खाएमा औषधिको काम गर्छ। यसैले दही–चिउरा खाने संस्कारले नेपाली संस्कृतिमा बृहद् रूप लिएको छ। यसरी असार १५ गते नेपाली समाजमा राष्ट्रिय सांस्कृतिक पर्व बन्न सफल भएको छ। परम्परादेखि असार धान रोप्ने महीनाका रूपमा परिचित हुँदै आएको हो।

## खेलकूद

# रूखमा चढ्ने साहसिक खेल शुरू

दमौली, १५ असार/रासस

कोरोना कहरका कारण थला परेको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित तनहुँको भिमाद नगरपालिका–७ राङरूङमा रूखमा चढ्ने (ट्रि क्लाइम्बिङ) सहासिक खेल शुरू भएको छ।

राङरूङलाई पर्यटकीय गन्तव्यस्थल बनाउन फरक गतिविधिको खोजीमा रहेको वडा कार्यालयले एसेट इन्ट्रोगिटी ग्रुपको प्राविधिक सहयोगमा रूखमा चढ्ने खेल सञ्चालन गरेको हो। डोरीको सहायताले रूख चढ्ने, रूखका विभिन्न स्थानमा डोरीमा झुन्डिएर वारपार गर्ने यो मनोरञ्जनात्मक खेलबाट आन्तरिक पर्यटनमा टेवा पुग्ने विश्वास लिइएको भिमाद नगरपालिका–७ का वडाध्यक्ष सूर्यकुमार श्रेष्ठले बताए।

"नयाँ गन्तव्यको खोजी अभियान अन्तर्गत रूख चढ्ने खेल सञ्चालन गरेका हौं, यसले पर्यटकलाई आकर्षित गर्न सक्नेमा ढुक्क छौं," श्रेष्ठले भने। उनका अनुसार पछिल्लो समय साहसिक खेलतर्फ पर्यटकको आकर्षण बढ्दै गएकाले रूख चढ्ने खेल पर्यटकको रोजाइमा पर्नेछ।

यहाँ निर्माण गरिएको रूखमा एकपटकमा पाँचजनासम्म चढ्न मिल्ने बनाइएको छ। "पाँचवटा डोरी राखिएको छ, एकैपटक पाँचजना चढ्न मिल्छ, अहिले तत्कालका लागि ३० मिटरसम्म झुन्डिएर माथि जान सकिन्छ," वडाध्यक्ष श्रेष्ठले भने।

कोठाभित्र यस प्रकारको खेल सञ्चालन भएको भए तापनि बाहिर भने नेपालमैं पहिलो हुन सक्ने उनको दाबी छ। "यो वर्ष रकम अभाव भएकाले सबै काम गर्न सकेनौं, आगामी वर्ष बजेट थप गरेर यसलाई व्यवस्थित बनाउँछौं," उनले भने, "यसलाई प्रतियोगितात्मकरूपमा अगाडि बढाउने सोच छ।" वडाले यसका लागि चालू आर्थिक वर्षमा रु दुई लाख ५० हजार बजेट विनियोजन गरेको थियो।

विभिन्न रमणीय स्थानको अवलोकन तथा हिमालको सुन्दर दृश्यावलोकनका लागि पीपलडाँडामा निर्मित दृश्यावलोकन केन्द्र, पीपलडाँडामैं रहेको पार्क तथा स्थानीय मौलिक नेवारी परिकार पर्यटकको हटियामा रहेको झिङ्गु राङरूङ नेवाः होमस्टे, राङरूङ रिसोर्टका अतिरिक्त स्थानीय मौलिक कला र संस्कृति यहाँका प्रमुख आकर्षण हुन्।

# कुशन, डल बनाउने तालीम सम्पन्न

प्रस, ठोरी, १५ असार/

ठोरी गाउँपालिका–३ मा कुशन, डल सीप विकास तालीम मङ्गलवार सम्पन्न भएको छ।


तस्वीर: प्रतीक

गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत ठोरी गापाको आयोजनामा वैशाख १४ देखि शुरू भएको तालीम जेठ २ गतेसम्म सकिनुपर्नेमा निषेधाज्ञाका कारण आज सम्पन्न भएको हो।

ब्रह्मनगर, नयाँबस्तीमा आयोजित तालीममा सहभागीहरूलाई कुशन, डललगायतका सामग्री बनाउन प्रशिक्षक जमुना खड्काले प्रशिक्षण दिएकी थिइन्।

तालीम समापन कार्यक्रममा ठोरी गापा अध्यक्ष पद्मलाल श्रेष्ठले महिलाहरूको सशक्तीकरण र क्षमता अभिवृद्धि गर्न विविध कार्यक्रम गर्दै आएको बताउँदै तालीमबाट सिकेको सीपलाई व्यवसायमा लगाउन आग्रह गरे। वडाध्यक्ष सूर्य लामाले तालीमबाट सिकेको सीपलाई व्यवहारमा उतार्न जोड दिए। कार्यक्रममा नेरामावि ओडारका विव्यस अध्यक्ष बलबहादुर श्रेष्ठ, शिक्षक गोकुल प्रधानलगायतको सहभागिता थियो।

# ग्रीन सिटीको औषधि सेवा बन्द

प्रस, वीरगंज, १५ असार/

ग्रीन सिटी सामुदायिक सेवा केन्द्रले भारतबाट आवश्यक औषधि ग्रीन सिटी सामुदायिक सेवा केन्द्र र सामुदायिक प्रहरी सेवा केन्द्रको सहकार्यमा सेवा


तस्वीर: प्रतीक

औषधि सेवा मङ्गलवारदेखि बन्द गरेको छ। निषेधाज्ञा लागू भएको पाँचौं दिन वैशाख २० गतेदेखि औषधि सेवा शुरू गरेको र असार १४ गतेसम्म सेवा दिई आजदेखि सेवा बन्द गरेको ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले बताए।

यस अवधिमा ५ हजार ५ सयजनालाई औषधि सेवा प्रदान गरिएको बताए। निषेधाज्ञा लागू भएको कारण प्रहरी सेवा केन्द्रको सहकार्यमा सेवा दिएको बताए। उनले अहिले निषेधाज्ञा खुकुलो भएको कारण सेवा स्थगित गरिएको र आवश्यक परे पुनः सेवा सुचारु गर्ने बताए।

यसअघि पहिलो कोरोनाको लहरमा ग्रीन सिटीले औषधि सेवा ६ हजार मानिसलाई प्रदान गरेको अध्यक्ष खेतानले जानकारी गराएका छन्।